(आ.व. २०७९/०८० भजनी नगर कार्यपालिकाको बैठक संख्या ५ )

आज मिति २०७९ साल कार्तिक २४ गते बिहिबारका दिन दिउँसो १ :३० बजे भजनी नगरपालिकाका नगर प्रमुख श्री केवल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री केवल चौधरी | नगर प्रमुख | |
| २ | श्री राजु तिरुवा | नगर उपप्रमुख | |
| ३ | श्री धर्मेन्द्र श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ४ | श्री दुर्गा बहादुर पुनमगर | कार्यपालिका सदस्य | |
| ५ | श्री बिक्रम चौधरी | कार्यपालिका सदस्य | |
| ६ | श्री जन्ताराम चौधरी | कार्यपालिका सदस्य | |
| ७ | श्री केशव बहादुर बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री राम सागर चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री अमर बहादुर कठरिया | कार्यपालिका सदस्य | |
| १० | श्री पंकज चौधरी | कार्यपालिका सदस्य | |
| ११ | श्री संजीव कुमार चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री जैसरा कामी ओड | कार्यपालिका सदस्य | |
| १४ | श्री शान्ती कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १५ | श्री राजमती चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री कृष्ण कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री गणेश कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रेम बहादुर चन्दरा | कार्यपालिका सदस्य | |
| १९ | श्री रामदेव राजी | कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | प्र.प्र.अ. / सचिव | |

अन्य उपस्थिति

अधिकृत छैठौ श्री चन्द्र देव भट्ट

कम्प्युटर अपरेटर श्री अशोक चौधरी

CamScanner

परिषद गठित, ... २०७३

नोखिराम ओली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :-

१.निर्णय समीक्षा सम्बन्धमा

२. नगर विपद व्यवस्थापन समितिबाट सिफारिस भई आएका बाढी पिडिथारुका लागि तत्काल राहत वितरणमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

३.विविध सम्बन्धमा ।

**निर्णयहरु :-**

**निर्णय नं. १** प्रस्ताव नं.१ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको मिति २०७९।६।३१ मा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयनको तपसिल बमोजिम समीक्षा गरियो ।

| सि नं | निर्णयको व्यहोरा | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | सुदूरपश्चिम प्रदेश कैलाली जिल्लाको मध्य दक्षिणी भागमा अवस्थित पूर्वमा पथरैया,दक्षिणमा मोहना, वीच भागमा काँढा, ,कान्द्रा नदीहरुले घेरिएको यस नगरपालिका क्षेत्रमा वर्षेनी बाढीका कारण खेतीयोग्य जमिन र वस्तीक्षेत्र डुवान,कटान भई ठूलो संख्यामा धन जनको क्षति हुने गरेको र यस वर्ष पनि २०७९ भाद्र ३०,३१ गते र असोज २१,२२ गते आएको बाढीका कारण २ जना व्यक्तिको ज्यान समेत गएको, अधिकांश घरहरुमा क्षति पुगेको र भित्राऊनै लागेको धान वाली सखाप भएको,सडक,पुलपुलेसा बाटाघाटा हरु विग्री भत्की आवतजावतमा असुविधा पर्न गई जनजीवन कष्टकर हुन गएको हुँदा यस भजनी नगरपालिका क्षेत्रलाई बाढीपिडित क्षेत्र घोषणा गर्ने र यस भजनी नगरपालिकालाई बाढीपिडित संकटग्रस्त क्षेत्र घोषणा गरि दिनका लागि नेपाल सरकार संग अनुरोध गर्ने । | नेपाल सरकार,प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ, नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार काठमाडौ सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी कैलाली सुदूरपश्चिम प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय धनगढी कैलाली तथा जिल्ला प्रशासन धनगढी कैलालीमा पत्राचार गरी पठाउने । | |
| २ | भजनी नगरपालिकाको कार्यसंचालन निर्देशिका २०७९ ,स्वीकृत गर्ने । | राजपत्रमा प्रकाशित । | |
| ३ | भजनी नगरपालिकाको भूमिहीन मुक्त कमैयाहरुलाई घर निर्माण र काठ वापत अनुदान दिने सम्बन्धि कार्यविधि २०७९,स्वीकृत गर्ने । | राजपत्रमा प्रकाशित । | |
| ४ | एघारौ नगर सभा बाट स्वीकृत यस आ.व.२०७९/०८० मा संचालन हुने भवन | वडा कार्यालयहरुलाई पत्राचार गरिएको । | |

नगर प्रमुख

भजनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अ...

| | | | |
|---|---|---|---|
| | निर्माण,सडक जस्ता प्राविधिक ज्ञान सीप आवश्यक पर्ने कालोपत्रे योजनाहरु ठेक्का प्रक्रिया मार्फत गर्ने तथा रु १५००००० /-(पन्ध्र लाख) सम्मका उपभोक्ताको सहभागिता जुटने, स्थानीय स्रोत,सीप प्रयोग हुने, स्थानीय रोजगारी अभिवृद्धि हुने जस्ता अन्य योजनाहरु उपभोक्ता समितिबाट गर्ने गरी पेश भएको बार्षिक खरिद योजना २०७९ स्वीकृत गर्ने निर्णय | | |
| ५ | यस भजनी नगरपालिकाको क्षेत्र भएर बग्ने नदीहरुको किनाराबाट माटो निकाली बेच बिखन गर्ने गरेको पाईएको र सोका कारण नदीहरुको किनाराको जमिन होचो भई बस्ती र खेतीयोग्य क्षेत्रमा नदी प्रवेश गरी डुवान हुने गरेकोले नदीहरुको किनाराबाट माटो निकाली बेच बिखन गर्न नपाउने निर्णय गरियो साथै सडकको छेउछाउ,किनारामा ढुङ्गा, गिट्टी, वस्तुभाउ लगायत अन्य सामान राख्ने गरिएको पाईएकोले सो कार्यले यातायात,आवतजावतमा असुविधा पर्न गएको हुँदा त्यस्तो कार्य नगर्न नगराउन सम्वन्धित सबैलाई सार्वजनिक जानकारी दिने। | सुचना प्रकाशन गरि जानकारी गराईएको। | |
| ६ | वाडीपिडितहरुको संकलित तथ्यांक फारामहरु वडा कार्यालयहरुमा पठाई इन्ट्री गर्न लगाउने इन्ट्री गरे वापत नेपाल रेडक्रसले उपलब्ध गराउने प्रति फाराम रु ६/- मा नगरपालिकावाट प्रति फाराम रु ४/- थप गर्ने। | ५ वटा वडाको प्रविष्टी सम्पन्न ४ वटा वडाको प्रविष्टी भइरहेको। | |
| ७ | प्राथमिक स्वास्थ्य केन्द्रको मर्मत सम्भार तथा व्यवस्थापनका लागी रु १२,०००००/- (बाह्र लाख) अल्या रकम बाट विनियोजन गर्ने। | | |
| ८ | अल्या रहेको रकम बाट रु १,००,००,०००/-(एक करोड ) डी.पी.आर.का लागी विनियोजन गर्ने र सो कार्यका लागी सबै वडाहरु बाट योजना माग गर्ने। | | |
| ९ | सामुदायिक पशुहरुको आहाराको व्यबस्थापनका लागि यस नगरपालिकामा संचालित गौशालाहरुमा पराल सहयोगका लागि अनुरोध गर्ने र गौशाला सम्म पराल ल्याए बाफत वडा कार्यालय र पशुसेवा शाखाको सिफारिसमा प्रति डल् लपको रु १५००/-(एक हजार पाँच सय ) र प्रति ट्याक्टरको रु ३०००/-(तीन हजार) भुक्तानी | सुचना प्रकाशन गरि जानकारी गराईएको। | |

केवल चौधरी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | दिने | | |
| १० | सामुदायिक पशु व्यवस्थापन कार्यविधि र नगर प्रहरी कार्यविधि बनाउन विधेयक समितिलाई निर्देशन दिने । | प्रकृया शुरु । | |
| ११ | महेन्द्र सिंह बुढाको घर नजिक मोहना नदीमा चेकड्याम्म निर्माण र छल्कापुर नजिक बाटो निर्माणको (वडा नं ५ ) प्राबिधिक मुल्यांकन गरी रकम भुक्तानी दिने । | प्रकृया शुरु । | |
| १२ | महेन्द्र मा.वि. भवन निर्माण वडा नं ५ तथा दुर्गा मा.वि. भवन निर्माण वडा नं ३ को ठेक्का सम्झौताको म्याद बैंक ग्यारेन्टीको म्याद निर्माण व्यवसायीबाट थप भई आएपछि अन्तिम पटकका लागी माग बमोजिम थप गर्ने | पत्राचार भएको । | |

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा २०७९ भाद्र ३१, असोज १ गते त्यसै गरी दोश्रो पटक असोज २२ गते आएको वाढि बाट यस भजनी नगरपालिका अन्तर्गतका विभिन्न वडाका वस्तीहरु वाढी बाट डुवानमा परि व्यक्तिहरु विस्थापित हुदाँ समुदायहरुलाई मेस संचालन तथा तत्काल राहत सामग्री वितरण गर्न नगर प्रमुखज्यूको मौखिक आदेश अनुसार वडा बाट भएको राहत सामग्री वितरणको खर्च वडाको सिफारिस बमोजिम निम्नानुसार विल अनुसारको रकम सम्बन्धित वडाका वडा अध्यक्षज्यू मार्फत भुक्तानी गर्नको लागि नगर विपद व्यवस्थापन समिति बाट कार्यपालिकालाई सिफारिस गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.सं. | वडागत विवरण | खर्च भएको रकम रु. | पसल /फर्मको नाम |
|---|---|---|---|
| १. | भजनी न.पा. वडा नं. १ | ८६७२६.२२ | ➢ न्यू मैनपोखरी जनरल स्टोर भजनी - ६७१४६।२२<br>➢ विशाल एण्ड सालु किराना पसल भजनी - १५८०।-<br>➢ डोरहाजिरी ६ जना - १८०००।- |
| २. | भजनी न.पा. वडा नं. २ | १०७६५०.०० | ➢ यूनिका ट्रेडर्स महादेउली - १०७६५०।- |
| ३. | भजनी न.पा. वडा नं. ३ | १९५७८२.०० | ➢ रन्जना किराना पसल भजनी- ३५८००।-<br>➢ मनु ट्रेडर्स एण्ड सप्लायर्स भजनी- ५६००।-<br>➢ न्यू मैनपोखरी जनरल स्टोर भजनी - ९७३७३.९६<br>➢ दहित किराना तथा चिया नास्ता पसल - १६०००।-<br>➢ के.सी. इलेक्ट्रोनिक्स पसल - ६८३०।-<br>➢ डोर हाजिरी ८जना - १७८७८।- |
| ४. | भजनी न.पा. २, ३ र ८ संयुक्त | २६८१७९.०० | ➢ बैष्णवी ट्रेड एण्ड सप्लायर्स भजनी - ५८२४०।-<br>➢ न्यू मैनपोखरी जनरल स्टोर भजनी - |

केवल चौधरी
नगर प्रमुख

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली

| | | | |
|---|---|---|---|
| | | | २०९९३९.३३ |
| ५. | भजनी न.पा. वडा नं. ५ | ८३३३०.०० | ➤ नाथ खाद्य उद्योग भजनी- ३२०००।-<br>➤ लालबोझी आयुष जनरल स्टोर - ५१३३०।- |
| ६. | भजनी न.पा. वडा नं. ६ | ९५६५०.०० | ➤ पाण्डे जनरल स्टोर भजनी - ९५६५०।- |
| ७. | भजनी न.पा. वडा नं. ७ | ११७९७५.०० | ➤ श्री न्यू केदारनाथ किराना पसल भजनी-७ चर्रा - ११७९७५/- |
| ८. | भजनी न.पा. वडा नं. ८ | १०८४७९.९७ | ➤ प्रेमा ट्रेडर्स एण्ड सप्लायर्स नवलपुर- ९७१३९.७२<br>➤ न्यू मैनपोखरी जनरल स्टोर भजनी - ११३४०.२५ |
| ९. | भजनी न.पा. वडा नं. ८ | ६७९००.०० | ➤ न्यू स्मृति जनरल स्टोर टीकापुर- १८७४०।-<br>➤ विवेक इन्टरपाइजेज जनरल स्टोर नारायणपुर-१९३६०/-<br>➤ दिक्षित इम्पोरियम टिकापुर - २३८००/-<br>➤ एम.एन.बी. ट्रेडर्स भजनी-८ - ६०००।- |
| १०. | भजनी न.पा. वडा नं. ९ वडागत | ५०५००.०० | ➤ न्यू केदारनाथ किराना पसल भजनी -७ चर्रा - ५०५००।- |
| ११. | भजनी न.पा. वडा नं. ९ | १४७७१४.९० | ➤ न्यू मैनपोखरी जनरल स्टोर - १७७८४.९<br>➤ न्यू केदारनाथ किराना पसल चर्रा- १०२३५०।-<br>➤ लक्षमण किराना पसल- १७४३०।-<br>➤ अर्जुन किराना पसल भजनी -४ - १०१५०।- |
| | कुल जम्मा | १३२९८८७.३८ | |

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) मिति २०७९ भाद्र ३१, असोज १ गते त्यसै गरी दोश्रो पटक असोज २२ गते आएको वाढि बाट भजनी नगरपालिका अन्तर्गत विभिन्न विद्यालयहरुका भौतिक संरचनामा भएको अनुमानित रु ८८,७६,६९०।- (अक्षेरुपी अठासी लाख छहत्तर लाख छ सय नब्बे मात्र) क्षतिको विवरण नगरपालिकाको श्रोत साधनबाट मात्र पुरा गर्न नसकिने भएको हुदा आवश्यक सहयोगका लागि सुदूर पश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय धनगढी कैलालीसंग अनुरोध गर्ने निर्णय गरियो ।

(ख) यस भजनी नगरपालिकाको वडा नं ३ मा जयबहादुर बुढाले संचालन गर्दै आएको वडिमालिका कृषि प्रवर्धन केन्द्र प्रा.लि.भजनी नगरपालिका ३ कैलालीमा अफ्रिकन फिभर रोगका कारणले वंगुरहरुको मृत्यु भई अनुमानित रु ९५,२०,०००।-( अक्षेरुपी पन्चानब्बे लाख बिस हजार) बराबरको क्षतिको विवरणको प्रतिवेदन पेश भएकोले आवश्यक राहत सहयोग एवंम् व्यवसाय प्रवद्धनको सहयोगका लागि सङ्घीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा सिफारिस गरी पठाउने निर्णय गरियो साथै केही दिन देखि यस नगरपालिका क्षेत्रमा बंगुर मर्ने गरेको जानकारी आएको हुदाँ ती घटनाको नमूना पशु सेवा शाखा मार्फत संकलन गरी नमूना परीक्षण गरि दिन पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलालीमा पठाउन पशु सेवा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

केवल चौधरी
नगर प्रमुख

(ग) भूमिहीन मुक्त कमैयालाई घर निर्माण र काठ बाफत अनुदान रकम दिने सम्बन्धी कार्यविधि २०७९ को को परिच्छेद -५ को दफा १५ को उपदफा २ को (ख) बमोजिम भूमिहीन मुक्त कमैया पूनः स्थापन नगरस्तरीय समितिमा तपसील बमोजिमका सदस्य छनौट गर्ने निर्णय गरियो।

तपसील

१.श्री संजिव कुमार चौधरी २.श्री राजमती चौधरी ३.श्री शान्ति कुमारी चौधरी ४.श्री प्रेम चन्दरा

(घ) यस भजनी नगरपालिकाले आ.व.२०७९/०८० का लागि घाटहरुमा आन्तरिक आय संकलनतर्फको शिलबन्दी दरखास्त आव्हानको सूचना पटक पटक गरी पाँच पटकसम्म सूचना प्रकाशन गर्दा पनि कसैको दरखास्त पेश नभएकोले तपसील बमोजिमका घाटहरुमा तपसील बमोजिम न्यूनतम कबोल अंक रकम कायम गरि छैटौ पटक मिति २०७९।०७।१६ मा प्रकाशित गरिएको सूचना अनुमोदन गर्ने निर्णय गरियो।

तपसील

| सि.नं | घाटको नाम | न्यूनतम कवोल अंक रकम | कैफियत |
|---|---|---|---|
| १ | लौवस्ता घाट भजनी १ र ५ | रु १०५००/- | |
| २ | लालबोझी भन्सार खैरेनी घाट भजनी ३ र ५ | रु १७१०१ /- | |
| ३ | वेलुवा जनकपुर घाट भजनी ८ | रु ३०००/- | |
| ४ | छछरवा भर्तापुर घाट भजनी ८ | रु ४०००/- | |

(ङ) पडरिया ट्राफिक चोक देखी कर्मदेवघाट,ठेकीपुर जवलपुर हुलाकी राजमार्ग हुदै कुसुमघाट भन्सार सम्मको सडकको विस्तृत आयोजना प्रतिवेदन (D.P.R.) तयार गर्नुपर्ने भएकोले हाल ठेकीपुर हुलाकी राजमार्गसम्म यस चालु आ.व.मा बजेट स्वीकृत भएकोले स्वीकृत बजेट भित्रैबाट व्यहोर्ने गरी सोही स्थान सम्मको विस्तृत आयोजना प्रतिवेदन (D.P.R.) गर्न रु ५,००,००० । (अक्षेरुपी पाँच लाख मात्र) छुट्टाई आयोजना अध्ययन गराउने र आयोजना छिटो कार्वान्वियनमा लैजाने निर्णय गरियो।

केदल चौधरी
नगर प्रमुख